# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ५ संख्याः ६ मितिः २०७८।०६।०७


**भाग - २**

शिवराज नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## बाल संरक्षण कोष सञ्चालन कार्यविधि, २०७८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगरकार्यपालिकाले यो **बाल संरक्षण कोष सञ्चालन कार्यविधि, २०७८** जारी गरेको छ ।

# शिवराज नगरपालिकाको बाल संरक्षण कोष सञ्चालन कार्यविधि२०७८

शिवराज नगरपालिका भित्रका आपतकालिन एवं जोखिम अवस्थामा रहेका बालबालिकाहरु लाइ तत्काल संरक्षण, उद्धार, राहत र पारिवारिक पुर्नस्थापना गर्न तथा बालबालिकाको हकहितको संरक्षण र सम्ब र्द्धन गर्नका लागि स्थानीय स्तरमा आर्थिक स्रोत सङ्कलन गरी परिचालन गर्न शिवराज नगरपालिकाको नगर कार्यपालिकाको बालबालिकाको हक अधिकार संरक्षण सम्बन्धि व्यवस्था गर्न बनेको बाल संरक्षण नीति, २०७५ को दफा १४ र बालबालिका सम्बन्धी ऐनको दफा ६३ बमोजीम शिवराज नगरपालिकाले बालकोष स्थापना गरि **बाल संरक्षण कोष संचालन कार्यविधि, २०७८** तयार गरेको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नाम **बाल संरक्षण कोष सञ्चालन कार्यविधि२०७८** रहेको छ ।

ख) यो कार्यविधि नगर कार्यपालिकाको बैठकले स्वीकृत गरेको मितिदेखि तुरुन्त लागू हुनेछ ।

## २. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) कोष भन्नाले यस कार्यविधि को ४ नं. बुँदामा उल्लेख गरे बमोजिम स्थापना गरिएको नगर/वडा स्तरीय बाल कोषलाई सम्झनु पर्दछ ।

ख) **नगरपालिका** भन्नाले शिवराज नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ग) **वडा कार्यालय** भन्नाले शिवराज नगरपालिका वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

घ) **नगर अधिकार समिति** भन्नाले शिवराज नगरपालिका भित्र गठित बाल अधिकार समिति र वडामा गठित बाल अधिकार समितिलाई बुझनु पर्दछ ।

ङ) **आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिका** भन्नाले कार्यविधिको ११ नं बुँदामा उल्लेखित बालबालिकालाई सम्झनु पर्दछ ।

च) **सञ्चालक समिति** भन्नाले कार्यविधिको ६ नं बुँदामा उल्लेख गरे बमोजीम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

## ३. कोषको उद्देश्य

यस बाल कोषका उद्देश्य देहाय बमोजीम रहने छन ।

क) जोखिम अवस्थामा रहेको बालबालिकाको उद्धार गर्ने,

ख) जोखिम अवस्थामा रहेका बालबालिकाहरुलाई (आधारभूत आवश्यकता सहित) राहत उपलब्ध गराउने,

ग) जोखिम रहेका बालबालिकालाई पारिवारिक पुर्नस्थापना गर्ने,

घ) आवश्यक मनोसामाजिक परामर्श तथा स्वास्थ्य उपचार सहयोग गर्ने,

ङ) विभिन्न कारणले शिक्षाबाट बञ्चित भएका बालबालिकाहरुलाई आवश्यक शैक्षिक सहयोग उपलब्ध गराउने,

**४) कोषको स्थापना**

क) शिवराज नगरपालिकाको नगर बाल अधिकार समिति /वडा बाल अधिकार समिति बैठकबाट स्वीकृत भई जोखिम वा आपतकालिन अवस्थामा रहेका नगर /वडा भित्रका बालबालिकाको संरक्षणको लागि कोष स्थापना गरिनेछ ।

ख) बाल कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

१. संघिय तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम

२. शिवराज नगरपालिका/सम्बन्धित वडाबाट यस कोषमा छुट्याई जम्मा गर्न पठाएको रकम

३. विभिन्न संघ संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम

४. बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थाले कार्य सम्झौता गर्दा स्वीकृत रकमको कम्तिमा ०.५ प्रतिशतले हुन आउने रकम

५. कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम आदि

**५) सञ्चालक समितिको गठन**

कोषको व्यवस्थापन सञ्चालन एवं स्रोतको खोजी गर्न देहाय बमोजिमाको नगर /वडा सञ्चालक समिति रहने छ ।

**क) नगर सञ्चालक समिति**

१. नगर उप प्रमुख - अध्यक्ष

२. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

३. सामाजिक विकास समिति संयोजक - सदस्य

४. नगर बाल अधिकार समितिको सदस्य १ जना - सदस्य

५. नगर स्तरीय बाल सञ्जालको वा बालक्लब प्रतिनिधि १ जना - सदस्य

६. बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था मध्येबाट संयोजकले मनोनित गरेका १ जना प्रतिनिधि - सदस्य

७. महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य सचिव

**ख) वडा सञ्चालक समिति**

१. वडा बाल अधिकार समितिको संयोजक - अध्यक्ष

२. आमा समूहको प्रतिनिधि १ जना - सदस्य

३. वडा समितिबाट १ जना सदस्य - सदस्य

४. वडा स्तरीय बाल सञ्जाल वा बालक्लब सदस्य १ जना - सदस्य

५. सम्बन्धित वडा सचिव - सदस्य सचिव

**६) सञ्चालक समितिको काम, कर्तव्य र अधिकार सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजीम हुनेछ**

क) जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धार गर्ने , स्वास्थ्योपचार गर्ने, पुर्नस्थापना गर्ने, त्यस्ता बालबालिकालाई राहत तथा शैक्षिक सहयोग गर्ने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

ख) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

ग) सहयोगको आवश्यकता र उपलब्ध स्रोतको आधारमा सामाग्री वा नगद सहयोग गर्ने र सो को विवरण अद्यावधिक गर्ने,

घ) प्रत्येक ६ महिनामा कार्य प्रगति विवरण नगरपालिका/वडा कार्यलयमा पेश गर्ने,

ङ) बाल अधिकार समितिसँग मिलेर जोखिम अवस्थामा रहेका बालबालिकाको तथ्याङ्क सङ्कलन गर्ने/गराउने,

च) बाल कोष बृद्धिको लागि आवश्यक नीति र रचनात्मक क्रियाकलाप सञ्चालन गर्ने,

छ) कोषको आय-व्ययको विवरण अद्यावधिक गरी नगरपालिका , वडा कार्यलय, र नगर बाल अधिकार समितिमा पेश गर्ने,

ज) कोषको बृद्धिमा सहयोग गर्ने संघ-संस्था वा व्यक्तिको विवरण अद्यावधिक गर्ने ।

**७) कोषको रकम उपलब्ध गराउन सकिने**

१) आपतकालिन अवस्थामा रहेका बालबालिकाको तत्काल उद्धार गर्न , राहत दिन तथा पुनस्थापना गर्न, औषधी उपचार र शैक्षिक सहयोग गर्न आर्थिक सहयोग गर्नु पर्ने देखिएमा सञ्चालक समितिको अध्यक्षले रु ३०००। -, सञ्चालक समितिको निर्णबाट रु. ५०००। - र सो भन्दा माथी कार्यपालिकाको निर्णयबमोजिम रकम पीडित बालबालिकालाई उपलब्ध गराउन सकिन्छ ।

२) दफा ७ को उपदफा १ बमोजिम पीडित बालबालिकालाई उपलब्ध गराइएको रकम सञ्चालक समितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

**८) सञ्चालक समितिले गर्न नहुने कामहरु**

क) कोषको रकम हिना मिना गर्ने वा कोषको उद्देश्य विपरित समितिको कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई लगानी गर्न ।

ख) आपतकालिन अवस्थाका बालबालिकाको तत्काल उद्धार तथा संरक्षण गर्ने कार्य बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न ।

ग) कोषको रकम प्रशासनिक कार्यमा खर्च गर्न ।

**९) सञ्चालक समितिको बैठक**

सञ्चालक समितिको बैठक देहाय बमेजिम बस्ने छ ।

क) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति , समय र स्थानमा आवश्यकता अनुसार

ख) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्ने छ ।

ग) सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्ने छ ।

घ) सञ्चालक समितिको निर्णय सदस्य सचिवले अध्यावधिक गर्ने छ ।

ङ) सञ्चालक समितिको सम्पर्क स्थान शिवराज नगरपालिकाको महिला तथा बालबालिका शाखामा रहने छ भने वडाको हकमा वडा कार्यलयमा रहनेछ ।

**१०. आपतकालिन एवं जोखिम अवस्थाका बालबालिका अन्तर्गत देहायका बालबालिका पर्दछन्**

क) जोखिम पूर्ण श्रममा संलग्न रहेका

ख) यौनशोषण, यौन दुव्र्यवहार, बेचविखन वा ओसारपसारमा परेका

ग) शारीरिक वा मानसिक यातना वा भेदभावा जस्ता दुव्र्यवहारबाट पीडित

घ) अपाङ्गता भएका बालबालिका

ङ) दुर्घटनामा परेका वा प्राकृतिक प्रकोपमा परेका

च) हिंसाबाट प्रभावित एवं पीडित भएका

छ) हराएको वा बेवारिसे अवस्थामा परेका

ज) ऋणको कारणले बन्धकमा रहेका वा जबर्जस्ति श्रममा लगाई पीडित रहेका

झ) बाबु/आमा वा आफन्तजनको संरक्षणबाट वञ्चित भएका

ञ) सुस्त मनस्थिति भएका

ट) अपहरण वा शरिर बन्धकमा परेका

ठ) सडक बालबालिका

ड) एच.आई.भि. संक्रमित तथा प्रभावित भएका

ढ) सञ्चालक समितिको निर्णबाट छनोट भएको आपतकालिन अवस्थामा रहेका बालबालिका

**११. बालकल्याण कोषको रकम व्यवस्थापन**

साबिकका गा.वि.स.मा रहेको बालकल्याण कोषको रकम शिवराज न.पा.मा गाभ्ने र सो सम्बन्धित वडाको वडा संचालक समितिको निर्णयानुसार कोषमा रहेको वाँकी रकम परिचालन गर्नु पर्नेछ ।

**१२. सहयोगको लागि निवेदन दिन सक्ने**

यस कार्यविधिको ११ नं बुँदामा उल्लेख गरिएका बालबालिकाहरुको संरक्षण उद्धार तथा राहतको लागि आफ्नो परिच खुल्ने गरी शिवराज नगरपालिका वा सम्बन्धित वडाहरुमा बसोबास गर्ने जोसुकै सरोकारवाला व्यक्तिले शिवराज नगरपालिका नगर कार्यपालिका अन्तर्गत महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा र वडा कार्यपालिकाको कार्यलयमा विस्तृत विवरण खुल्नेगरी निवेदन दिन सक्नेछ ।

**१३. खाताको सञ्चालन तथा लेखा परीक्षण**

१) कोषको रकम नगरपालिकाले तोकेको बैंक खातामा जम्मा गरी छुट्टै सेस्त्रा कायम गरेर संचालन गरिनेछ ।

२) उपनियम १ बमोजिमको खाताको सञ्चालन नगरपालिका कार्यलयको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक शाखाको मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ तथा कोषको लेखा परिक्षण महालेखा परिक्षकको विभागबाट हुनेछ ।

**१४. कोषको रकम फ्रिज नहुने**

प्रचलित कानूनमा जुनसुकैकेरा लेखिएको भएता पनि कोषको रकम खर्च नभए आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुनेछैन ।

**१५. कार्यविधिको व्याख्या तथा संशोधन**

यस कार्य विधिमा भएका व्यवस्थाहरुमा कुनै विवाद आएमा कानुन बमोजिम अन्तिम निणर्य गरिनेछ । साथै संशोधन आवश्यक भएमा सञ्चालक समितिको राय लिई नगर कार्यपालिकाले कार्यविधि संशोधन गर्न सक्नेछ ।

**१६. कोष खारेज हुन सक्ने अवस्था**

कुनै कारणबस बाल कोष सञ्चालन गर्न आवश्यक नभएमा प्रयाप्त कारणहरु सहित नगर कार्यपालिकाले सञ्चालक समितिको राय लिई कार्यपालिका तथा नगर बाल अधिकार समितिको संयुक्त निणर्यले खारेज गर्न सकिनेछ र कोष खारेज भएमा कोषमा रहेको रकम नगर बाल अधिकार समितिको अगुवाइमा बालहितकारी कार्यक्रम संञ्चालन गर्न सकिनेछ ।

**आज्ञाले**
**गणेश प्रसाद अर्याल**
**प्रशासकीय अधिकृत**